नेपाल सरकार
कृषि तथा पशुपंछी विकास मन्त्रालय
खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना
आयोजना क्लष्टर इकाई, राजविराज, सप्तरी

पत्र संख्या:२०८२।८३
चलानि नं १८

मिति २०८२/०४/१५

विषयः-: सुचना टाँस गरी जानकारी पाठाइदिने सम्बन्धमा ।

श्री महादेवा गाउँ कार्यपालिकाको कार्यालय सप्तरी ।
श्री छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय सप्तरी ।
श्री नवराजपुर गाउँ कार्यपालिकाको कार्यालय सिराहा ।
श्री लक्ष्मिपुर पतारी गाउँ कार्यपालिकाको कार्यालय सिराहा ।

प्रस्तुत सम्बन्धमा यस आयोजना कलस्टर इकाई, सप्तरिको आ ब २०८२/०८३ को वार्षिक स्विकृत कार्यक्रम अनुसार संचालन गर्नु पर्ने कार्यक्रमहरुको सुचना प्रकाशन गरी यसै पत्र साथ संलग्न राखि पठाइएको हुदा ताँहाँ कार्यालयको सुचना पाटिमा सुचना टाँस गरि टाँस गरिएको जानकारी पठाइदिनु हुन अनुरोध छ ।

रविन्द्र कुमार महथा
बरिष्ठ कृषि अधिकृत

इमेल:fansep.saptari@gmail.com फोन न. ०३१ - ५३२३७१

CamScanner

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना

आयोजना क्लष्टर इकाई, ससरी

सूचना नं. 01-SI-082/083-PG सूचना प्रकाशित मितिः२०८२/०४/१५

विषयः साना सिँचाइ कार्यक्रममा अनुदान सहयोगको लागि कृषक समूहहरूलाई आवेदन पेश गर्ने बारे सूचना ।

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, आयोजना क्लष्टर इकाई, ससरीको आ. व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार आयोजना क्षेत्रका गाउँपालिकाहरू(ससरी- महादेवा , छिन्नमस्ता र सिरहा- नवराजपुर र लक्ष्मीपुर पतारी)मा गठन र दर्ता भई परिचालन भएका बाली उत्पादनमा संलग्न कृषक समूहहरूको लागि साना सिँचाइ कार्यक्रममा अनुदान सहयोग प्रदान गर्ने कार्यक्रम रहेको छ । उक्त कार्यक्रममा सहभागीताका लागि तोकिएको योग्यता पुगेका उत्पादक कृषक समूहहरूलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (मिति २०८२/०४/२९ गते सम्म) तोकिएको ढाँचामा प्रस्ताव सहित कागजातहरू संलग्न गरी आवेदन पेश गर्न यो सूचना आव्हान गरिएको छ । रितपूर्वकको आवेदन सहितको प्रस्ताव र आवश्यक कागजातहरू पेश भएका आवेदनहरू मात्र छनौटका लागि प्रक्रिया अघि बढाइने छ । साना सिँचाइ कार्यक्रमको अनुदान सहयोग प्रति प्रस्ताव रू. १,५०,०००। (एक लाख पचास हजार)सम्म वा कुल लागत अनुमानको ८५ प्रतिशत मध्ये जुन न्यून छ सोही बराबरको रकम आयोजनाबाट अनुदान स्वरूप उपलब्ध गराइनेछ । उत्पादक कृषक समूहको तर्फबाट लागत सहभागीताको योगदान कम्तीमा १५ प्रतिशत हुनु पर्नेछ ।

साना सिँचाइ कार्यक्रमका लागि अनुदान सहयोगका क्षेत्रहरूः

(क) सतह तथा भूमिगत श्रोतको पानीमा आधारित कुलो सुधार/मर्मत सम्भार, संरक्षण, पोखरी निर्माण, ट्याङ्की र इनार निर्माण, अस्थायी बाँध, पैनी, छेकबार, ह्युम पाइप, पोलिथिन पाइप, मोनोब्लक पम्पसेट, पम्प, हाइड्रोलिक न्याम, गियर पम्प लगायत निर्माण, मर्मत सम्भारका र सुधारका लागि निर्माण सामग्री खरिद र औजार उपकरण जडान ।

कार्यालय प्रमुख

CamScanner

(ख) नयाँ प्रविधि (पोखरी, प्लाष्टिक पोखरी निर्माण, लिफ्ट सिँचाइ, सोलार सिँचाइ, फेरोसिमेण्ट ट्याङ्की, बोरिङ्गआदि) मा आधारित सिँचाइ संरचना निर्माण, मर्मत सम्भार, सुधार, साना सिँचाइ संरचनाहरूको लागि निर्माणसामग्री खरिद र औजार उपकरण जडान ।

(ग) पुराना साना सिँचाइ संरचनाहरूको मर्मत सम्भार ।

कृषक समूहले पेश गर्नु पर्ने कागजातहरु:

(क) अनुसूची–२ बमोजिमको ढाँचामा आवेदन ।

(ख) कृषक समूह गाउँपालिलकामा दर्ता भएको प्रमाण–पत्र तथा नविकरणको छाँयाप्रति ।

(ग) कृषक समूहको स्थायी लेखा नम्वरको छाँयाप्रति ।

(घ) अनुसूची–३ बमोजिमको प्रस्ताव ।

(ङ) साना सिँचाइ कार्यक्रमको लागि अनुदान सहयोगका लागि आयोजना क्लष्टर इकाईमा प्रस्ताव सहित आवेदन गर्ने, लागत सहभागीतामा योगदान गर्ने र समूहको आधिकारीक व्यक्ति तोकेको सम्बन्धमा कृषक समूहको बैठकले गरेको निर्णयको छाँयाप्रति ।

(च) वातावरणीय तथा सामाजिक आचार संहिता (अनुसूची–४) ।

(छ) प्रस्तावित साना सिँचाइ कार्यक्रम सञ्चालन हुने क्षेत्र तथा पानीको मुहानमा मा कुनै विवाद नरहेको सम्बन्धित गाउँपालिका वा वडा कार्यालयको सिफारिश ।

नोटः कार्यक्रम सम्बन्धी विस्तृत जानकारीका लागि कार्यालय समयमा आयोजना क्लष्टर इकाई राजविराज, सप्तरीमा र सम्वन्धित फिल्ड प्राविधिकहरूबाट समेत लिन सकिनेछ ।

सम्पर्क नं. ०३१-५३२३७१

.....

रविन्द्र कुमार महथा

वरिष्ठ कृषि अधिकृत

कार्यालय प्रमुख

CamScanner

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना
आयोजना क्लष्टर इकाई, सप्तरी
प्रस्ताव आव्हान सम्बन्धी सुचना
पहिलो पटक सुचना प्रकाशन मिति: २०८२/०४/१५

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, आयोजना कलष्टर ईकाई, राजविराज, सप्तरीको आ.व. २०८२/०८३ को स्विकृत वार्षिक कार्यक्रम अनुसार तपशिलका कार्यक्रमहरु संचालन गर्न खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना दोश्रो (FANSEP-II) लागु भएका गाँउपालिकाहरु(सप्तरी- महादेवा , छिन्नमस्ता र सिरहा- नवराजपुर र लक्ष्मीपुर पतारी)मा यस आयोजनाद्वारा गठित र ताँहा सम्वन्धित गा.पा.मा दर्ता भएका सम्बन्धित उत्पादक समूहहरु(कृषक/पशुपालन समूह) तथा पोषण/आमा समूहहरुले यो सुचना प्रकाशित मितिले ३० दिन भित्र अर्थात मिति २०८२/०५/१३ गते कार्यालय समयभित्र तपशिलमा उल्लेखित कागजातहरु र व्यावसाय योजना सहित प्रस्ताव दर्ता गर्नुहुनका लागि यो सुचना प्रकाशित गरिएको छ। साथै म्याद नाघि वा रित नपुर्याई दर्ता हुन आएका प्रस्तावहरुलाई छनौट प्रकृयामा समावेश नगराईने व्योहोरा समेत अनुरोध छ।

क.सं.	सुचना नं.	कार्यक्रमको नाम	लक्ष्य (संख्या)	साझेदारी/समूह (बढीमा)	योग्य समूह
१	02-MG-082/083-PG	पुरक अनुदान कार्यक्रम	६९	६,००,०००	कृषि/पशुपालन समूह
२	03-SG-082/083-NG	साना अनुदान कार्यक्रम	३७	५,००,०००	आमा/पोषण समूह

आवश्यक कागजातहरु:

१. कृषक/पशुपालन/पोषण समूहको दर्ता प्रमाण–पत्रको प्रतिलिपि ।
२. समूहको स्थायी लेखानम्वर (PAN) को प्रमाण–पत्रको फोटोकपी ।
३. समूहको नाममा रहेको बैङ्क खाताको चेकको प्रतिलिपि ।
४. रु. १० को टिकट टाँस सहित तोकिएको ढाँचाको निवेदन ।
५. योजना पेश गर्ने विषयमा समूहको निर्णय र समूहको आधिकारिक व्यक्तितोकेको माईन्यूटको फोटोकपी ।
६. तोकिएको फारममा लागत ईष्टिमेट लगायत अन्य विवरण स्पष्ट रुपमा उल्लेख गरिएको व्यवसायिक योजना ।
७.व्यवसाय योजनाको वातावरणिय र सामाजिक सुरक्षणका मापदण्ड पुरा भएको प्रतिबद्धता ।
८. गाँउपालिकाको कृषि/पशुपंक्षी/स्वास्थ्य शाखा वा सम्वन्धित वडाको सिफारिस पत्र ।
९. उत्पादक कृषक समूहले जग्गा भाडामा लिएको भए सो को सम्झौता–पत्रको फोटोकपी ।
१०. कम्तिमा १५% समूहको लगानी प्रतिबद्धता उल्लेख भएको कागजात ।
१०. प्रोडक्टिभ एलायन्सबाट सहजीकरण भएको उपज खरिद बिक्रिको करार सम्झौताको फोटोकपी (पुरक अनुदानको हकमा मात्र)।

नोटः अनुदान सम्बन्धी विस्तृत जानकारी तथा प्रस्तावको नमुनाका लागि आयोजना क्लष्टर इकाई सप्तरी.मा र सम्बन्धित गा.पा.मा कार्यरत प्राविधिकहरुबाट समेत जानकारी लिन सकिनेछ । सम्पर्क नं. ०३१-५३२३७१

.....
रविन्द्र कुमार महथा
वरिष्ठ कृषि अधिकृत

कार्यालय प्रमुख

CamScanner

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना

आयोजना क्लष्टर इकाई, सप्तरी

प्रस्ताव आव्हान सम्बन्धी सुचना

पहिलो पटक सुचना प्रकाशन मिति: २०८२/०४/१५

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, आयोजना कलष्टर ईकाई, राजविराज, सप्तरीको आ.व. २०८१/०८२ को स्विकृत वार्षिक कार्यक्रम अनुसार तपशिलका प्रबर्द्धन कार्यक्रमहरु संचालन गर्न खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना दोश्रो (FANSEP-II) लागु भएका गाँउपालिकाहरु(सप्तरी- महादेवा , छिन्नमस्ता र सिरहा- नवराजपुर र लक्ष्मीपुर पतारी)मा यस आयोजनाद्वारा गठित र ताँहा सम्वन्धित गा.पा.मा दर्ता भएका सम्बन्धित उत्पादक समूहहरु(कृषक/पशुपालन समूह) ले यो सुचना प्रकाशित मितिले ३० दिन भित्र अर्थात मिति २०८२/०५/१३ गते कार्यालय समयभित्र तपशिलमा उल्लेखित कागजातहरु र योजना सहित प्रस्ताव दर्ता गर्नुहुनका लागि यो सुचना प्रकशित गरिएको छ। साथै म्याद नाघि वा रित नपुर्याई दर्ता हुन आएका प्रस्तावहरुलाई छनौट प्रकृयामा समावेश नगराईने व्योहोरा समेत अनुरोध छ।

क्र.सं.	सुचना नं.	कार्यक्रमको नाम	लक्ष्य (संख्या)	साझेदारी/ समूह (बढीमा)	योग्य समूह
१	04-CPG-082/083	वाली उत्पादन प्रवर्द्धन	३२	४,००,०००	कृषि समूह
२	05-DPG-082/083	दुग्ध उत्पादन प्रवर्द्धन	२८	२,३३,०००	पशुपालन समूह
३	06-GPG-082/083	बाख्रापालन प्रवर्द्धन	३०	३,२८,०००	पशुपालन समूह
४	07-PPG-082/083	ग्रामिण कुखुरापालन प्रवर्द्धन	२	३,०२,०००	पशुपंक्षीपालन समूह

आवश्यक कागजातहरु:

१. समूह दर्ता प्रमाण–पत्रको प्रतिलिपि ।

२. समूहको स्थायी लेखानम्वर (PAN) को प्रमाण–पत्रको फोटोकपी ।

३. समूहको नाममा रहेको बैङ्क खाताको चेकको प्रतिलिपि ।

४. रु. १० को टिकट टाँस सहित तोकिएको ढाँचामा सहभागी हुन चाहेको कार्यक्रम खुलाईएको निवेदन ।

५. समूहको निर्णय र समूहको आधिकारिक व्यक्ति तोकेको माईन्यूटको फोटोकपी ।

६. तोकिएको फारममा पुर्ण विवरण स्पष्ट रुपमा उल्लेख गरिएको।

७. कार्यविधिले निर्दिष्ट गरे अनुसार समूहको लगानी लगायतका प्रतिबद्धता उल्लेख भएको कागजात ।

नोटः विस्तृत जानकारी तथा फारमको नमुनाका लागि आयोजना क्लष्टर इकाई सप्तरी.मा र सम्बन्धित गा.पा.मा कार्यरत प्राविधिकहरुबाट समेत जानकारी लिन सकिनेछ । सम्पर्क नं. ०३१-५३२३७१

.....

रविन्द्र कुमार महथा

वरिष्ठ कृषि अधिकृत

कार्यालय प्रमुख

CamScanner

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना
आयोजना क्लष्टर इकाई, सप्तरी।

सूचना नं. 08-DTW-082/083

सूचना प्रकाशित मितिः२०८२/०४/१५

विषयः डिप टयुववेल सिंचाइ कार्यक्रममा अनुदान सहयोगको लागि आवेदन पेश गर्ने बारे सूचना ।

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, आयोजना क्लष्टर इकाई सप्तरीको स्वीकृत वार्षिक कार्यक्रम अनुसार आगामी आ.व. २०८२/८३ मा संचालन गरिने डिप टयुववेल प्रणाली निर्माण कार्यक्रम अन्तर्गत यस क्लष्टर इकाईमा २ वटा सिंचाई प्रणालीको लागी अनुदान सहयोग प्रदान गर्ने कार्यक्रम रहेकोले यस क्लष्टर इकाईको कार्यक्षेत्रमा FANSEP II अन्तर्गत गठन र दर्ता भई परिचालन भएका बाली उत्पादनमा संलग्न कृषक समूहहरु वा उक्त समूहहरुका कृषकहरुको बाहुल्यता रही क्लष्टरको कार्यक्षेत्र भित्रका अन्य कृषकहरु समेत समेटी बनेको जल उपभोक्ता संस्था बाट २ वटा डीप ट्यूववेल सिंचाई प्रणालीको लागी अनुदान सहयोग प्रदान गर्ने कार्यक्रम रहेकाले उक्त डीप ट्यूववेल सिंचाई प्रणालीको निर्माण तथा सञ्चालन कार्यक्रममा सहभागीताका लागि यो सूचना प्रकाशित भएको मितिले २१ (एकाईस) दिन भित्र (मिति २०८२/०५/०४ गते सम्म) तोकिएको ढाँचामा प्रस्ताव सहित कागजातहरू संलग्न गरी आवेदन पेश गर्न यो सूचना आव्हान गरिएको छ । रितपूर्वकको आवेदन सहितको प्रस्ताव र आवश्यक कागजातहरू पेश भएका आवेदनहरू मात्र छनौट प्रक्रियामा अघि बढाइने छ । डिप टयुववेल प्रणाली निर्माण कार्यक्रमको लागि यस आयोजना क्लष्टर इकाईबाट अनुदान सहयोग (पहिलो बर्ष) प्रति प्रस्ताव बढीमा रू. ६०,००,०००। (साठी लाख मात्र) हुनेछ भने साझेदार कृषक समूह/ उपभोक्ताको लगानी सिंचाई निति २०७० बमोजिम डिप वोरिङ्ग जडान, पम्प जडान र पम्प हाउस निर्माण लगायतका कार्यका लागि उक्त लागत अनुमानको कम्तिमा ३ प्रतिशत र बितरण प्रणालीको निमाण कार्यमा उक्त लागतको कम्तिमा ५ प्रतिशत व्योहोर्नु पर्नेछ ।

डिप टयुववेल प्रणाली निर्माण कार्यक्रमका लागि अनुदान सहयोगका कार्यहरूः

डिप वोरिङ्ग जडान (GI PIPE ८" व्यास भएको), २५ अश्व शक्तिको सवमरशिवल पम्प जडान, पम्प हाउस निर्माण, प्यानल जडान सहितको विद्युतीकरण, आदिका लागि स्विकृत लागत अनुमान अनुसारका कार्यहरु ।

पेश गर्नु पर्ने कागजातहरुः

(क) योजनाको माग फारम बमोजिमको ढाँचा सहितको आवेदन ।

(ख) निबेदक संस्था जल उपभोक्ता संस्था भएमा दर्ता भएको भए प्रमाण–पत्र तथा नविकरणको प्रतिलिपि र यदि FANSEP II अन्तर्गत गठन र दर्ता भएको कृषक समूहहरुको हकमा यदि उक्त समूह छनौट भएमा छनौट पश्चात/ सम्झौता पुर्व जल उपभोक्ता संस्था दर्ताको प्रमाणपत्र पेश गर्ने प्रतिबद्धता भएको कागजात ।

(ग) न्युनतम ३० विगाह (२० हे.) सिंचित क्षेत्रको लगत विवरण ।

(घ) डिप टयुववेल जडान तथा संचालन कार्यको लागी कम्तिमा १० धुर क्षेत्रफल भएको जग्गा डिप टयुववेल संचालन अबधिभरि लागि उपलव्धता सुनिश्चित हुने कागजात। सरकारी/सार्वजनिक जग्गाको हकमा उपभोगको लागि सम्वन्धित गा.पा./ वडाबाट योजना अवधि भरीका लागि विना अवरोध जग्गा उपलब्ध गराउने स्विकृत पत्र । निजी जग्गाको हकमा जग्गा दानको सम्बन्धित गाउँपालिकाबाट लिखित प्रमाणिकरण सम्झौता अगावै पेश गर्ने प्रतिबद्धता । तर छनौट प्रक्रियामा सरकारी/सार्वजनिक जग्गालाई प्राथमिकता दिईनेछ ।

कार्यालय प्रमुख

CamScanner

(ङ) उपलब्ध गराईएको जग्गा कम्तिमा १० फिटको बाटोसंग जोडिएको र बढीमा १.० किलो मिटर भित्र ११ KVA को विद्युत लाईन भएको हुनुपर्ने ।

(च) डिप टयुववेल प्रणाली निर्माण कार्यक्रमको लागि आयोजना क्लष्टर इकाईमा प्रस्ताव सहित आवेदन, लागत सहभागीतामा योगदान गर्ने प्रतिबद्धता ।

(छ) पाईपलाईन विस्तार र वितरणको Outlet valve लगायत विद्युतिकरणका लागि उपयोग हुने व्यक्तिगत जग्गा सम्वन्धित कार्यहरुको लागि योजना सञ्चालन अवधि भरी विना व्यवधान प्रयोग गर्न दिने मन्जुरीनामा,

(ज) संस्थाको तर्फबाट आधिकारीक व्यक्ति तोकेको सम्बन्धमा बैठकले गरेको निर्णयको छाँयाप्रति ।

(झ) स्थालगत प्रमाणीकरणका वेलामा तयार गरिएको वातावरणीय तथा सामाजिक (E&S) Screening मा देखिएका समस्या समाधानका लागि वनाईने ESMP मा उल्लेखित वूँदा पालना गर्ने प्रतिवद्धता पत्र ।

(ज) प्रस्तावित सिँचाइ कार्यक्रम सञ्चालन हुने क्षेत्रको १ किलोमिटर भित्रमा डिप टयुववेल र सतही सिंचाई, लगायतका अन्य संरचना नजिक नरहेको वा सिंचाईको सभस्या भएको साथै वैकल्पिक सिँचाइ स्रोतको अवस्था नभएकाले डिप टयुववेल आवश्यक रहेको विवरण सहितकोको सम्बन्धित गाउँपालिका वा वडा कार्यालयको सिफारिश पत्र ।

(झ) आवेदकले आवश्यक ठानेका सिंचाई उप-आयोजना छनौट कार्यलाई सहजिकरण गर्ने प्रकारका कागजातहरु ।

कार्यालय प्रमुख

CamScanner

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना
आयोजना क्लष्टर इकाई, सप्तरी

प्रस्ताव आव्हान सम्बन्धी सुचना

सुचना नं. 09-MS/H&P-082/083-PG/RM सुचना प्रकाशन मिति: २०८२/०४/१५

विषय : बजार पूर्वाधार सुधार/पूनरुथापना तथा ह्याण्डलिङ्ग र प्रशोधन संरचना निर्माणको लागि आवेदन पेश गर्ने बारे

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना II, आयोजना क्लष्टर इकाई सप्तरीको आ. व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार उत्पादक कृषक समूहहरुको लागि बजार पूर्वाधार सुधार/पूर्नस्थापना तथा ह्याण्डलिङ्ग र प्रशोधन संरचना निर्माणमा लगानी सहयोग गर्ने कार्यक्रम रहेको छ । उक्त कार्यक्रममा सहभागीताका लागि तोकिएको योग्यता पुगेका उत्पादक कृषक समूहहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र मिति २०८२/०४/२९गते सम्म प्रस्ताव सहित तोकिए अनुसारका कागजातहरु सहित रितपूर्वकको आवेदन पेश गर्न यो सूचना आव्हान गरिएको छ । आयोजनाले तोकेका बालीनाली र पशुपन्छीजन्य उपजहरूको सहज बजार पहुँच गराउन कृषकहरूबाट उत्पादित उपजहरूको प्रशोधन मार्फत मूल्य अभिवृद्धि गरी कृषकहरूको आम्दानी बढाउन र बजार पूर्वाधारको उपयोग गरी कृषि तथा पशुपन्छीजन्य उपजहरूको उत्पादन तथा बजारीकरण क्रियाकलापहरुमा सहयोग हुने किसिमका बजार पूर्वाधार सुधार/पूनरुथापना वा ह्याण्डलिङ्ग र प्रशोधन संरचना निर्माण सम्बन्धी प्रस्ताव हुनु पर्नेछ । रितपूर्वकको आवेदन सहितको प्रस्ताव र आवश्यक कागजातहरु पेश भएका आवेदनहरू मात्र छनौटका लागि प्रक्रिया अघि बढाइने छ । बजार पूर्वाधार सुधार/पूनरुथापनामा लगानी सहयोग प्रति प्रस्तावको लागि आयोजनाको तर्फबाट अधिकतम रू. १५ (पन्ध्र) लाख सम्म र ह्याण्डलिङ्ग तथा प्रशोधन संरचनामा लगानी सहयोग प्रति प्रस्तावको लागि रू. २० (विस) लाख सम्म डिजाइन तथा लागत अनुमानको आधारमा रकम प्रदान गरिनेछ र उत्पादक कृषक समूहको लगानी योगदान कम्तीमा १५ प्रतिशत हुनु पर्नेछ ।

कृषक समूहले पेश गर्नु पर्ने कागजातहरु:

(क) अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन ।

(ख) कृषक समूह गाउँपालिकामा दर्ता भएको प्रमाण-पत्र तथा नविकरणको छाँयाप्रति ।

(ग) कृषक समूहको स्थायी लेखा नम्बरको छाँयाप्रति ।

कार्यालय प्रमुख

CamScanner

(घ) अनुसूची–३ बमोजिमको प्रस्ताव ।

(ङ) बजार पूर्वाधार सुधार तथा पूनरुथापना वा ह्याण्डलिङ्ग र प्रशोधन संरचना निर्माणमा लगानी सहयोगका लागि आयोजना क्लष्टर इकाईमा प्रस्ताव सहित आवेदन गर्ने, लागत सहभागीतामा योगदान गर्ने र समूहको आधिकारीक व्यक्ति तोकेको सम्बन्धमा कृषक समूहको बैठकले गरेको निर्णयको छाँयाप्रति ।

(च) प्रस्तावित बजार पूर्वाधार वा ह्याण्डलिङ्ग र प्रशोधन संरचना निर्माण गरिने जग्गा प्रयोगकालागि सम्बन्धित गाउँपालिकाको सिफारिश पत्रको छाँयाप्रति वा कृषक समूहले उपलव्ध गराएको जग्गाको प्रमाण वा भोगाधिकार सम्बन्धी लिखत कागजात ।

(छ) वातावरणीय तथा सामाजिक सुरक्षणका मापदण्ड पालना गर्ने प्रतिबद्धता (अनुसूची–४) ।

.....

रवीन्द्र कुमार महथा

कार्यालय प्रमुख

CamScanner